# परम्परागत सीपमा आधारित घरेलु उद्यम प्रवर्धनका लागि सहयोग कार्यक्रम (ऋणमा व्याज अनुदान) कार्यविधि, २०७६

<u>प्रस्तावना</u>:

नागरिकहरुका लागि उनीहरुको क्षमता पहिचानका आधारमा दिइएको सीप तथा व्यवसायिकता विकास तालिम पश्चात व्यवसायमा समाहित हुनका लागि आर्थिक लगानीको जरुरी हुन्छ। त्यसका लागि उनीहरुलाई विभिन्न वित्तियसंस्थाहरुबाट सहुलियत व्याजदरमा ऋण उपलब्ध गराई व्यवसाय संचालनको वातावरण मिलाउनुपर्दछ। यसबाट तालिमप्राप्त नागरिकहरु व्यवसायतर्फ उन्मुख हुन मद्दत पुग्ने भएकाले सीपमूलक तालिम प्राप्त व्यक्तिहरुलाई स्वरोजगारमूलक व्यवसाय संचालनको लागि ऋणको ब्याजमा सहुलियत दिने स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न चालु आ.व. को बजेट तथा कार्यक्रम स्वीकृत भई आएकोले सो कार्यान्वयन गर्न सामाजिक विकास मन्त्रालयबाट यो कार्यविधि तयार गरिएको हो।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम परम्परागत सिपमा आधारित घरेलु उद्यम प्रवर्धनका लागि सहयोग कार्यक्रम (ऋणको व्याजमा अनुदान), २०७६ रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"मन्त्रालय"** भन्नाले सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश, पोखरालाई सम्झनुपर्छ।

(ख) **"मन्त्री"** भन्नाले गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रीलाई सम्झनुपर्छ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

सचिव

(ग) **"सचिव"** भन्नाले सामाजिक विकास मन्त्रालयका सचिवलाई सम्झनुपर्छ।

(घ) **"महाशाखाप्रमुख"** भन्नाले योजना तथा प्रशासन महाशाखा प्रमुखलाई सम्झनुपर्छ

(ङ) **"संस्था"** भन्नाले कानुनवमोजिम दर्ता भएका तालिम प्रदायकसंस्था, सामाजिकसंस्था, वा क्लव आदिलाईसम्झनुपर्छ।

(च) **"परम्परागत सीपमा आधारित तालिम"** भन्नाले निश्चित शैक्षिक योग्यताको आवश्यकता नपर्ने तर समाजमा प्रचलित जाति वा वर्ग विशेषले पेशाको रुपमा अँगाल्दै आएका उत्पादनमूलक क्रियाकलापहरु जस्तैः छालाको काम,राडीपाखी, भांग्रा,संगीतकासामग्री, माटोकाभाँडाहरु,धातुकासामग्रीहरु,सुनचाँदीका गरगहना, मूर्तिकार,डोको, डालो, थुन्से, नाम्लो, नाङ्लो काटका टेकी, आरी लगायत यस्तै परम्परागत सामान उत्पादनमा सहयोग पुर्याउने सीपमूलक तालिम सम्झनुपर्छ।

(छ) **"मुल्याङ्कन समिति"** भन्नाले दफा ५ बमोजिम गठित समितिलाई सम्झनुपर्छ।

(ज) **"प्रदेश"** भन्नाले गण्डकी प्रदेशलाई सम्झनुपर्छ।

**(झ)** "केन्द्र " भन्नाले यस मन्त्रालय मातहतका प्राविधिक तथा सीप विकास तालिम केन्द्रलाई सम्झनुपर्छ।

## परिच्छेद -२
## व्याजमा अनुदान प्रदान गर्ने विधि र प्रकृया

**३. विवरण अध्यावधिक गर्ने र प्रस्तावको माग गर्नेः** (१) मन्त्रालय वा मन्त्रालय मातहतका निकायद्वारा गत आ.व. वा चालु आ.व. मा सञ्चालन गरिएका लामो तथा छोटो अवधीका तालिम अन्तर्गत सीपमूलक एंव व्यावसायिक तालिम प्राप्त सहभागीहरुको विवरण मन्त्रालय तथा केन्द्रले अध्यावधिक गर्नेछ।

(२) व्यवसायिहरुले उनिहरुले गर्न चाहेको व्यवसायको व्यवसायिक योजना तयार गरी प्रस्ताव वा गरिरहेको व्यवसायको प्रमाण पेश गर्नुपर्नेछ ।

(३) उद्यमी व्यवसायिले लिएको वा लिने ऋणमा व्याज अनुदान प्रदान गर्ने प्रयोजनका लागि प्रदेशमा रहेका वाणिज्य बैकहरुमध्ये कुनै एउटा बैंक सँग सम्झौता गरिनेछ।

**४. प्रस्ताव छनौटका आधारः** व्यवसायीले रीतपूर्वक पेश गरेको प्रस्तावहरु मध्ये उपयुक्त प्रस्ताव छनौट गर्न निम्नबमोजिमका आधारहरु अवलम्वन गरिनेछ।

- आर्थिक अवस्था(विपन्नता)

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश पोखरा, नेपाल

सचिव

- बैदेशिक रोजगारबाट फर्केका युवाहरु
- दुर्गम तथा पिछडिएको क्षेत्र
- सिमान्तकृत, लोपोन्मुख जातजाति
- एकलमहिला
- अपाङ्गताभएकाव्यक्ति
- बेरोजगार व्यक्ति वा समूहहरु

**५. छनौट समिति :** १. ब्याज सहुलियत सुविधा प्राप्त गर्न परियोजना प्रस्ताव पेश गर्ने उद्यमीहरुको प्रस्ताव छनौटका लागि देहायका सदस्यहरु रहेको एक छनौट समिति रहनेछ।

| | |
|---|---|
| क) महाशाखा प्रमुख | संयोजक |
| ख) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ग) श्रम तथा रोजगार शाखाका शाखा अधिकृत | सदस्य |
| घ) मन्त्रालयले सम्झौता गरेको बैंक/वित्तिय संस्थाको प्रतिनिधि | सदस्य |
| ङ) सम्बन्धित क्षेत्र हेर्ने सीपविकास तालिम केन्द्र,प्रमुख | सदस्य |
| च) घरेलु तथा साना उद्योग कार्यालयको प्रतिनिधि | सदस्य |

**६. प्रस्ताव स्वीकृतीः** (१) छनौट समितिले पेश हुन आएका व्यावसायिक योजना र प्रस्तावहरु उपर ७ दिन भित्र छनौट गरी प्रस्ताव स्वीकृतिका लागि सचिव समक्ष पेश गर्नेछ।

(२) स्वीकृत भएका प्रस्ताव पेश गर्ने व्यवसायीहरुले १५ दिन भित्र सम्झौता गरिसक्नुपर्नेछ।

(३) स्वीकृत प्रस्ताव र व्यवसायिक योजना पेश गर्ने व्यवसायिले सम्झौता गर्न आउदा निम्न कागजातहरु पेश गर्नुपर्नेछः

(क) स्थानीयतहको सिफारिस।

(ख) उद्योग व्यवसाय दर्ता प्रमाणपत्रको छाँयाप्रति।

(ग) नागरिकताको प्रतिलिपी।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

सचिव

(घ) मन्त्रालय, केन्द्र र सिटिइभिटीबाट तालीम लिएको प्रमाणपत्रको छाँयाप्रती

(ङ) बैंकबाट लिएको ऋणको विवरण खुल्ने कागजात

**७. सम्झौताः** (१) छनौट भएका व्यवसायिहरुले ऋणको व्याजमा अनुदान लिन मन्त्रालयले तोकेको बैंकसँग सम्झौता गर्नुपर्नेछ ।

(२) स्वीकृत कर्जाको यस आ.व. मा लाग्ने व्याज मध्ये ७५ प्रतिशत ब्याज मन्त्रालयले ब्यहोर्नेछ तर प्रति ब्यावसायी वार्षिक बढीमा रु ३ लाख भन्दा बढी व्याज अनुदान दिईने छैन।

**८.व्याज भुक्तानी सम्बन्धी व्यवस्थाः** (१) सम्झौता भएको बैङ्कलाई छनौट भएका व्यवसायिहरुको विवरणसहित सम्झौताबमोजिमको व्याज रकम उपलब्ध गराईनेछ।

**९. कार्यक्रमको अनुगमन :**यस कार्यक्रमको अनुगमन मन्त्रालयले गर्नेछ। परियोजना तथा व्यवसाय संचालन नगर्ने व्यवसायि वा उद्यमीलाई मन्त्रालयले खराव सूचीमा राखी सरकारी सुविधाबाट वन्चित गर्नेछ।

**१०. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कारण कुनै बाधा अड्काउ भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**११. संसोधन वा हेरफेरः** मन्त्रालयले यस कार्यविधिमा संसोधन एवं हेरफेर गर्न आवश्यक ठानेमा प्रस्ताव तयार पारी स्वीकृत गर्न सक्नेछ।

सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश पोखरा, नेपाल

सचिव